# बेनी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बेनी, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

प.सं. : ०८१/८२
च.नं. :

अर्जुन शर्मा
प्रमुख प्रशासकीय अधिकृत

## कालिगण्डकी र म्याग्दी नदी क्षेत्रको ढुङ्गा, ग्रावेल र बालुवा लगायत नदीजन्य पदार्थको दिगो उत्खनन्/संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षण (IEE) सम्बन्धमा हुने सार्वजनिक सुनुवाई सम्बन्धी सूचना।

**प्रथम पटक प्रकाशित: २०८१/०२/०६**

**प्रस्तावको नाम:** कालिगण्डकी र म्याग्दी नदी क्षेत्रको ढुङ्गा, गिट्टी र बालुवा लगायत नदीजन्य पदार्थको दिगो उत्खनन्/संकलन कार्यका लागि प्रारम्भिक वातावरणीय परिक्षण।

**प्रस्तावकको नाम:** बेनी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बेनी बजार, म्याग्दी, गण्डकी प्रदेश, नेपाल

प्रस्ताव कार्यान्वयन गर्दा प्रभाव पार्न सक्ने न.पा./गा.पा.: बेनी नगरपालिका- १,२,३,४,५,६,७,८, र ९, म्याग्दी प्रस्तावित कालिगण्डकी र म्याग्दी नदीको ढुंगा, बालुवा, ग्राभेलको दिगो उत्खनन् तथा संकलन क्षेत्रहरु बेनी नगरपालिका वडा नं. १,२,३,४,५,६,७,८ र ९ मा पर्दछ। उक्त आयोजनाहरुको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने क्रममा वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ को नियम ६ बमोजिम सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। यसै सूचना मार्फत उपयुक्त क्षेत्रमा प्रस्ताव कार्यान्वयन गर्दा के कस्तो प्रभाव पर्न सक्छ भन्ने सम्बन्धमा स्थानीय तहका प्रतिनिधिहरु, स्थानीय नागरिक, संघ संस्थाका प्रतिनिधिहरु साथै अन्य सरोकारवालाहरु सँग तपसिलको मिति, स्थान र समयमा हुने सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितिको लागि अनुरोध छ।

**तपसिल:**

मिति: २०८२/०२/०८
स्थान: गलेश्वर शिवालय मन्दिर बेनी न.पा.-९ र बेनी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय सभाहल
समय: क्रमश विहान ११ बजे र २ बजे।